


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क २०३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ साउन २१ गते बिहीबार ❑ 5 Aug. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रु. २।-

## कोरोनाविरुद्धको खोप उपलब्ध गराउन सरकार प्रतिबद्ध छ -मन्त्री बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, २० साउन**

गण्डकी प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री रामजी बराल(जीवन)ले प्रदेश बासीलाई कोरोनाविरुद्धको खोप उपलव्ध गराउन सरकार प्रतिबद्ध रहेको बताएका छन् ।



जिल्ला समन्वय समिति कास्कीको पाँचौं पदस्थापन दिवसका अवसरमा बुधबार आयोजित अनुगमन डायरी लोकार्पण तथा शुभकामना आदानप्रदान कार्यक्रममा उनले प्रदेशलाई चाहिने आवश्यक खोप उपलब्ध गराउन सङ्घीय सरकारसँग अनुरोध गरिएको जानकारी दिए । जिल्लाका विकास निर्माणको अनुगमनमा समन्वय समितिले महत्वपूर्ण भूमिका निर्वाह गदै आएको बताउँदै उनले यसलाई कानूनीरुपमा बलियो बनाउन सरकारको तर्फबाट सक्दो सहयोग गर्ने विश्वास व्यक्त गरे ।

कार्यक्रममा मन्त्री बराललाई समन्वय प्रमुख बैनबहादुर अधिकारी क्षेत्रीले दोसल्ला र सम्मानपत्रद्वारा सम्मान गरे । सो अवसरमा समन्वय समितिद्वारा तयार पारिएको अनुगमन पुस्तिकाको समेत लोकार्पण गरिएको थियो । गण्डकी प्रदेशसभा सदस्य कृष्णबहादुर थापा, राजीव पहारी, मनबहादुर गुरुङ र मीना गुरुङले समन्वयको कार्यलाई प्रभावकारी बनाउन प्रदेश सरकारले आवश्यक पहल गर्नुपर्नेमा जोड दिँदै सरकारले जनतालाई खोप उपलव्ध गराउन ढिलाइ गरेकोमा चिन्ता व्यक्त गरे । सीमित स्रोत साधन एवं संवैधानिक व्यवस्थाअनुसार प्रदेश सरकारले कानून नवनाउँदा अनुगमनमा देखिएका समस्याको समाधानमा अप्ठेरो पर्ने गरेको समन्वय प्रमुख क्षेत्रीले दुःखेसो व्यक्त गरे ।

कार्यक्रममा कास्कीका प्रमुख जिल्ला अधिकारी थानेश्वर गौतम, माछापुच्छ्रे गाउँपालिकाका अध्यक्ष कर्णबहादुर गुरुङ, समन्वय उपप्रमुख सावित्री भण्डारी, जिविस उपसभापति श्रीनाथ बराललगायतले अनुगमनका क्रममा देखिएको कमीकमजोरीको पाटोलाई कारवाहीको दायरामा ल्याउन कानूनी अभाव चुनौतीका रुपमा देखिएको धारणा राखेका थिए । 'कृषि, पर्यटन, जलस्रोत, उद्योग र पूर्वाधार समन्वय र सहकार्यसहितको दिगो विकास, समृद्धि कास्कीको मूल आधार' मुख्य नारासहित पदस्थापना दिवसका अवसरमा कार्यालय परिसरमा सरसफाइ, विगतमा रोपिएको बिरुवाको गोडमेल, अनुगमन डायरी लोकार्पण, सम्मानलगायतका कार्यक्रम गरिएको समन्वय अधिकारी नबराज बरालले जानकारी दिए ।

## प्रदेश लोकसेवा आयोगका सदस्यले लिए शपथ

**पोखरापत्र संवाददाता**
**कास्की, २० साउन**

गण्डकी प्रदेश लोकसेवा आयोगका सदस्यमा नियुक्त भएका योगेन्द्र गौचनले बुधबार पद तथा गोपनीयताको शपथ लिएका छन् ।

प्रदेश नीति तथा योजना आयोगको कार्यालयमा आयोजित एक समारोहमा प्रदेश प्रमुख पृथ्वीमान गुरुङ र मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलको उपस्थितिमा आयोगका अध्यक्ष विष्णु नेपालले उनलाई शपथ ग्रहण गराएका हुन् । समारोहमा सभामुख नेत्रनाथ अधिकारी, मन्त्रीहरु, प्रदेशसभा सदस्य, उच्च पदस्थ सरकारी अधिकारीलगायतको उपस्थिति थियो ।




गण्डकी प्रदेश सरकारले यही साउन १५ गते बागलुङ जिल्लाको तमानखोला गाउँपालिका-८ का गौचनलाई लोकसेवा आयोगको सदस्यमा नियुक्ति गरेको थियो । गौचनको नियुक्तिसँगै गण्डकी प्रदेश लोकसेवा आयोगले पूर्णता पाएको प्रदेशका प्रमुख सचिव हरि प्रसाद बास्तोलाले जानकारी दिए । यसअघि आयोगको सदस्यमा कल्पना लम्साल नियुक्त भई सक्नुभएको छ ।

## चापाकोट नगरलाई स्वास्थ्य संकट घोषणा

**श्रीकृष्ण सिग्देल**
**स्याङ्जा, २० साउन**

कोरोना संक्रमण समुदायमा फैलदो अवस्थामा पुगेको भन्दै १० दिनलाई स्वास्थ्य संकट घोषणा गरेको छ ।

नगर प्रमुख शिबकुमार गिरीले एक विज्ञप्ती जारी गर्दै नगरपालिका भित्र समुदायमा अझै १ सय ५७ जना संक्रमित रहेकोले स्वास्थ्य संकट घोषणा गरेको उल्लेख गरेका छन् । विश्व स्वास्थ्य संगठन र नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्ड अपनाउन आग्रह गर्दै घर भित्रै बसेर सहयोग गर्न नगर प्रमुख गिरीले विज्ञप्ती मार्फत अपिल गरेका छन् ।

विज्ञप्तीमा अहिले सम्म नगरपालिका भित्र ५ सय २७ मा संक्रमण देखिएको र ३ सय ७० निको भएको उल्लेख गर्दे १ सय ५७ जना संक्रमित समुदायमै रहेको अवस्थाले गर्दा नगरपालिका अत्यन्तै जोखिममा रहेकाले १० दिन स्वास्थ्य संकट घोषणा गर्नुपरेको गिरीले उल्लेख गरेका छन् । अहिले सम्म कोरोना संक्रमणबाट ८ जना नगरवासीले ज्यान गुमाउन परेको विज्ञप्ती मार्फत जानकारी दिदै समवेदना समेत व्यक्त गरिएको छ ।



स्वास्थ्य संस्था बाहेक नगरपालिका भित्रका सबै सेवाहरु बन्द गरी सुरक्षित बन्न र बनाउन सहयोग गर्न नगर प्रमुख गिरीले अनुरोध गरेका छन् । बैंक वित्तिय संघसंस्था, गैह्रसरकारी कार्यालय, शैक्षिक संघसंस्था बाट प्रदान गर्दै आएका सेवाहरु, उद्योग व्यवसाय सबै बन्द गर्न विज्ञप्ती मार्फत नगरपालिकाले आग्रह गरेको छ । विपदजन्य अवस्थामा सबै नागरिक सचेत बनौ नगरप्रमुख गिरीले विज्ञप्तीमा भनेका छन्,'नगरपालिकाले शुरु गरेको कोरोना संक्रमण रोकथाम तथा नियन्त्रणका लागि पिसिआर र एन्टिजिन परिक्षण महान कार्यमा सहभागी हुन आग्रह गर्दछौं ।' नागरिकको स्वास्थ्य अवस्थामा नगरपालिका सदैव संवेदनशील रहने छ विज्ञप्तीमा लेखिएको छ ।

अत्याआवश्यक बाहेक नगरपालिकाले तोकेका स्थानहरुमा आवातजावत, तोकिएका स्थानबाट खाद्यन्न सामाग्री खरिद बिक्रि गराउन पनि आग्रह गरिएको छ । दोस्रो कोरोना भेरियन्ट प्रवेश गरे लगत्तै स्वास्थ्य संकट घोषणा गरेको चापाकोटले तेस्रो भेरियन्टको हल्ला आउने क्रममा पुन स्वास्थ्य संकट घोषणा गरेको छ । ११ पालिका मध्ये १० वटा पालिकामा भने स्वास्थ्य संकट घोषणा गरिएको छैन ।

## कांग्रेसका स्थानीय तहका अधिवेशनको नयाँ कार्यतालिका छिट्टै

**रासस**
**काठमाडौं, २० साउन**

नेपाली कांग्रेसले पार्टीको आशन्न १४औँ महाधिवेशनअन्तर्गत प्रभावित भएका स्थानीय तहका अधिवेशनको नयाँ कार्यतालिका छिट्टै सार्वजनिक गर्ने जनाएको छ ।

कांग्रेस सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवा, वरिष्ठ नेता रामचन्द्र पौडेल, पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौलालगायत शीर्ष नेताको आज भएको बैठकले क्रियाशील सदस्यतासम्बन्धी विवाद एक/दुई दिनमै निरुपण गर्ने सहमति गरेको हो ।

क्रियाशील सदस्यता छानविन समितिका सदस्य रमेश लेखकले क्रियाशील सदस्यतामा देखिएका समस्या समाधान गर्न शीर्ष नेताहरूको बैठक सकारात्मकरुपमा अघि बढेको छर विवाद छिट्टै निरुपण हुने बताउनुभयो । क्रियाशील सदस्यतामा देखिएका समस्या समाधानपछि प्रभावित स्थानीय तहको नयाँ कार्यतालिका सार्वजनिक गरिने उहाँले जानकारी दिनुभयो ।

बैठकमा अन्य पार्टीबाट कांग्रेसमा प्रवेश गरेकाको सदस्यताका हकमा केन्द्रित भएर आज छलफल भएको थियो । पार्टीको पदाधिकारी र पूर्वपदाधिकारीको यही साउन १४ गतेको बैठकले पार्टीको क्रियाशील सदस्यतामा देखिएका बाँकी विवाद मिलाउने जिम्मेवारी नेतृत्व तहलाई सुम्पेको थियो । क्रियाशील सदस्यता विवरण ढिला विवरण प्राप्त भएका कारण र पार्टीको समायोजनका कारण बारा, सप्तरी, सिन्धुपाल्चोक, रसुवा, काभ्रेपलाञ्चोक, धनुषा, सर्लाहीलगायत जिल्लाका केही क्षेत्र र वडाको क्रियाशील सदस्यता विवाद टुङ्गिन बाँकी छ ।

कांग्रेसले १४औँ महाधिवेशन आगामी भदौ १६ देखि १९ गतेसम्म काठमाडौँमा गर्ने कार्यतालिका तय गरेको छ । त्यस्तै यसअघिको कार्यतालिका अनुसार गाउँ/नगर वडा अधिवेशन यही साउन १२ गते, गाउँ/नगरपालिका अधिवेशन साउन १६ गते, प्रदेशसभा क्षेत्रीय अधिवेशन साउन २० गते तोकिएको थियो ।

यसैगरी प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन/एक मात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन साउन २३ गते, एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन साउन २६ गते र प्रदेश अधिवेशन भदौ १ र २ गते निर्धारण गरिएको छ ।

## संक्रमण चार हजार नाघ्यो , ३५ को मृत्यु

**रासस**
**काठमाडौं, २० साउन**

कोरोना भाइरसको सङ्क्रमण बुधबार चार हजार १०७ जनामा देखिएको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले बुधबार गरेको पत्रकार सम्मेलनमा मन्त्रालयका सहप्रवक्ता डा समिरकुमार अधिकारीले १६ हजार २९८ को परीक्षण गर्दा चार हजार १०७ जनामा सङ्क्रमण भएको पुष्टि गर्नुभयो । उहाँका अनुसार परीक्षण गरिएकामध्ये २६.२ प्रतिशतमा सङ्क्रमण पुष्टि भएको छ । पिसिआर परीक्षणमा दुई हजार ९७५ जना र एन्टिजेन परीक्षण गर्दा चार हजार १०७ जनामा सङ्क्रमण देखिएको छ । यस्तै बुधबार एक हजार ५३५ सङ्क्रमणमुक्त भएका छन् । यस्तै विगत २४ घण्टामा ३५ जनाको निधन भएको छ ।

## १९ बर्षदेखि वेपत्ता भएका बराल अझै भेटिएनन्

**पोखरापत्र संवाददाता**
**कास्की, २० साउन**

गण्डकी प्रदेशका अर्थमन्त्री रामजी प्रसाद बराल (जीवन) ले शहिद र वेपत्ताले देखाएको सपना पुरा गर्न तर्फ आफु लाग्ने बताएका छन् ।



नेपाल कम्यूनिष्ट पार्टी माओबादी केन्द्र वडा कमिटि पोखरा १० को आयोजनामा बुधबार पोखरामा आयोजना भएको राज्यद्धारा वेपत्ता पारिएका मजदुर नेता चमनलाल बरालको १९ औं खोज सभामा वोल्दै मन्त्री बरालले शहिद र वेपत्ताले देखाएको बाटोमा आफुहरु लागेकोले उनीहरुको सपना पुरा गर्न तर्फ आफु लाग्ने बताएका हुन्।

माओबादी केन्द्र गण्डकी प्रदेश कमिटि सचिवालय सदस्य समेत रहेका मन्त्री बरालले अझै राजनीतिक अबस्था जटिल बन्दै गएको उल्लेख गर्दै पूर्व प्रधानमन्त्री केपी ओली प्रबृत्तिलाई कुनै पनि हिसावले राज्यसत्ताको वागडोर दिन नहुने जनाए । आफुहरुले प्राप्त गरेको सत्तामा शहिदको रगत लत्तपत्तिको उल्लेख गर्दै मन्त्री बरालले सवैको राय सल्लाहले प्रदेशको आर्थिक विकास र समृद्धिको बाटोमा लाग्ने बताए । सुकुम्बासी समस्या आधारभूत रुपमा हल गर्न अहिलेको नयाँ सरकारले गर्ने भएको मन्त्री बरालले विश्वास व्यक्त गरे । उनले भने "नयाँ सरकारले नयाँ प्याकेज ल्याउदै छ शहिद र वेपत्ताले देखाएको बाटो र लक्ष्य उद्धेश्यलाई निरन्तर पछ्याई रहने छु ।" चमनलालकी श्रीमती जमुना बरालले आफ्नो श्रीमान हराएको १९ बर्षसम्म पनि पत्ता लगाउन नसकिएकोमा गुनासो गदै ३२ बर्षसम्म पोखरा १० स्थित नागिनटोलमा बस्दै आएकोले जग्गाको लालपूर्जा उपलब्ध गराउनु पर्ने माग गरिन्। उक्त टोलमा करिब ७० घर परिवार विगत ३० बर्ष भन्दा बढी लामो समय देखि बसोबास गर्दै आएको स्थानिय किरण प्रसाद भट्टले जनाए ।

पोखरा १० वडा कमिटिका अध्यक्ष किरण प्रसाद भट्टको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा गण्डकी प्रदेशका विकास समितिका सभापति दीपक कोइराला रुपक, माओबादी केन्द्र जिल्ला सचिव बखानसिंह तमु, माओबादी केन्द्र पोखरा महानगर कमिटिका सचिव विश्व प्रकाश लामिछाने लगायतको सहभागिता रहेको घनश्याम गुरुङले बताए ।



# ६६ किसानलाई १२ लाख अनुदान

**पोखरापत्र संवाददाता**
**वालिङ, २० साउन**

स्याङ्जाको गल्याङ नगर पालिकाले बटुवाका ६६ जना किसानलाई रु १२ लाख अनुदान वितरण गरेको छ । गल्याङ नगर पालिका-२ बटुवामा रहेको बटुवा दुग्ध उत्पादन सङ्कलन केन्द्रमा दूध सङ्कलन गर्ने ६६ जना किसानलाई दूध उत्पादनका आधारमा प्रतिलिटर रु १५ का दरले ११ लाख ८६ हजार ५७५ वितरण गरेको हो। निर्वाहमुखी पशुपालन गर्दै आएका किसानलाई व्यावसायिकतातर्फ जोड दिँदै आत्मनिर्भर बनाउने उद्देश्यले नगरपालिका प्रतिलिटर रु १५ का दरले अनुदान उपलब्ध गर ाउँदै आएको नगर प्रमुख भूपराज अधिकारीले बताउनुभयो।

'किसानलाई अनुदानको व्यवस्थाले व्यावसायिकतातर्फ अगाडि बढ्न उत्साहित गरेको छ', नगरप्रमुख अधिकारीले भन्नुभयो, 'किसान पूर्णरुपमा आत्मनिर्भर नबन्दासम्म अनुदानको कार्यक्रम निरन्तर रहने छ।'

कृषि तथा पशुपालन गदै ' आउनुभएका किसानले उत्पादन गरेका दूध तथा दुग्धजन्य पदार्थ साथै कृषिजन्य सबै उत्पादनको बजारीकरणका लागि नगर पालिकाले ग्यारेन्टी लिने नगर प्रमुख अधिकारीले बताउनुभयो । नगरपालिकाले गाई पकेट लागत साझेदारी कार्यक्रमअन्तर्गत यस ठाउँका १७ जना किसानलाई जनही रु ७२ हजारका दरले रु सात लाख १४ हजार वितरण गरेको पशु शाखा प्रमुख सुशील अर्यालले बताउनुभयो। गाई पकेट कार्यक्रम तथा दूधमा अनुदान कार्यक्रमले गल्याङ नगरभित्रका किसानलाई थप हौसला मिलेको शाखा प्रमुख अर्यालले बताउनुभयो । दुग्ध सङ्कलन केन्द्रमा सबैभन्दा धेरै दूध सङ्कलन गरेबापत प्रतिलिटर रु १५ का दरले छ महिनामा अनुदानवापत रु दुई लाख ४० हजार ८५९ प्राप्त गरेको किसान टीकाकुमारी रानाले बताउनुभयो।

'जतिमात्रामा दूध उत्पादन गरे पनि सङ्कलन केन्द्रमार्फत बिक्री गर्न सहज भएको छ भने अनुदानस्वरुप प्रतिलिटर रु १५ प्राप्त हुन्छ', किसान रानाले भन्नुभयो, 'यसले मजस्ता किसानलाई थप व्यावसायिकतातर्फ अगाडि बढ्न उत्प्रेरित गरेको छ, थप जोश र जाँगर थपिएको छ।' गल्याङ नगर पालिकालाई 'सेतो शहर' का रुपमा पहिचान दिने गरी नगरपालिकाले किसानलाई गाई, भैँसी अनुदानमा वितरण गर्दै आइरहेको छ भने उत्पादित दूधमा अनुदानसहित उत्पादित दूधको बजारीकरणका लागि सहयोग गरेको छ।

# जसपाको विवादमा लिखित जवाफ माग

**रासस**
**काठमाडौं, २० साउन**

सर्वोच्च अदालतले जनता समाजवादी पार्टी (जसपा) को आधिकारिकता उपेन्द्र यादव पक्षलाई दिने निर्वाचन आयोगको निर्णयबारे लिखित जवाफ माग गरेको छ।

न्यायाधीश प्रकाशमान सिंह राउतको एकल इजलासले आज जसपाका तत्कालीन अध्यक्ष महन्थ ठाकुरले दायर गरेको रिटमा प्रार म्भिक सुनुवाइपछि १५ दिनभित्र लिखित जवाफ पेश गर्न आदेश जारी गरेको हो । "बाटोको म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षी आफै ँ वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेश गर्नु", आदेशमा भनिएको छ।




पूर्व कर्मचारी सेवा परिषद् कास्कीले प्रकाशन गरेको 'गोधूलिको सन्देश' बुधबार गण्डकी प्रदेशका प्रमुख सचिव डा. दामोदर रेग्मीको प्रमुख आतिथ्यतामा परिषद्को नवनिर्मित कार्यालय भवनको प्राङ्गणमा विमोचन गर्दै ।

# क्रिकेट व्यवस्थापनमा लाग्दै पूर्वकप्तान खड्का

**रासस**
**काठमाडौं, २० साउन**

राष्ट्रिय क्रिकेट टोलीका पूर्वकप्तान पारस खड्काले क्रिकेट व्यवस्थापनमा इच्छा भएकाले अन्तर ाष्ट्रिय क्रिकेट खेलबाट सन्न्यास लिएको बताउनुभएको छ।

अन्तर्राष्ट्रिय क्रिकेट खेलबाट सन्न्यास लिने घोषणा गर्नुभएका उहाँले तत्काल क्रिकेट एकेडेमी खोल्ने तयारीमा रहेको जानकारी गर ाउनुभयो । नेपाल क्रिकेट सङ्घ (क्यान)को आसन्न निर्वाचनबाट क्रिकेट व्यवस्थापनतर्फ लाग्ने योजना रहेको उहाँले उल्लेख गर्नुभयो। "म क्रिकेटबाट टाढिएको होइन मेरो भूमिका बदलिएको मात्र हो", पारसले भन्नुभयो। उहाँले दुई वर्षअघि नै आफूले अन्तर्राष्ट्रिय क्रिकेटलाई विट मार्ने विषयमा सोचिरहेको र अहिले त्यही सोचलाई कार्यान्वयन गरेको बताउनुभयो । उहाँले सन्न्यासबारे सोचे तापनि क्रिकेट टोलीलाई सहयोग गर्नुपर्छ भनेर बसेको बताउनुभयो।

पूर्वकप्तान पारसले कप्तान र खेलाडीका रुपमा आफूले गर्नसक्ने योगदान राष्ट्रिय टोलीबाट पूरा गरेको बताउनुभयो। "क्रिकेटले नै मलाई सबथोक दिएको छ। सबै कुरा पाएको छु । यति हुँदाहुँदै पनि सन्न्यासका लागि यो सही समय हो भनेर निर्णय लिएको हुँ", उहाँले भन्नुभयो।

# कोभिड बिरुद्ध सचेतना सहित प्रहरी सडकमा

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, २० साउन**

कोरोना संक्रमण (कोभिड १९) को तेस्रो भेरियन्ट आउन सक्ने भन्दै प्रहरी सडकमा निस्केर सचेतना अभियान शुरु गरेको छ।

जिल्ला प्रहरी कार्यालय स्याङ्जाले कोरोना संक्रमणबाट बच्ने उपायबारे सचेतना दिन तपाईको माक्स खोई ? भन्ने कार्यक्रम अभियान शुरु गरेको हो।



प्रहरीले स्याङ्जा सदरमुकाम पुतलीबजारमा घरदैलो सहित विभिन्न कोरोना सम्वन्धी जानकारी मुलक पर्चा, पम्पलेट सहित माईकिङ गर्दै रोगबाट सुर क्षित हुन आग्रह गरेको छ। माक्स नलगाई हिड्ने पैदल यात्रु सहित सार्वजनिक सवारी साधनमा यात्रा गर्ने यात्रुलाई माक्स सहित अबका दिनमा असुरक्षित यात्रा नगर्न सुझाव दिएको जिल्ला प्रहरी कार्यालयका सुचना अधिकारी प्रहरी निरिक्षक पदमबहादुर थापाले बताए। प्रहरीले स्याङ्जा सदरमुकाम मात्रै नभएर वालिङ, चापाकोट लगायतका बजार क्षेत्रमा पनि सचेतना फैलाएको प्रहरी निरिक्षक थापाले बताए। यो अभियानलाई जिल्लाभर लैजाने तयारीका साथ अगाडी बढिएको थापाले बताए।

पहिलो र दोस्रो कोरोना भेरियन्टमा अत्यन्तै जोखिम मोलेको स्याङ्जालाई बेलैमा सचेतना मार्फत नागरिकको स्वास्थ्य सुरक्षाबाट सुरक्षित राख्न प्रहरीले अभियान थालेको जनाएको छ । बुधबार गरिएको सचेतना कार्यक्रममा सदरमुकाममा शहिद चोक, ट्राफिक चोक, अभियान पथ, ग्यालेक्सी चोक सहित बजारका मुख्य क्षेत्रमा जानकारी मुलक अभियान चलाएको थियो । प्रहरी निरिक्षक अर्जुन वि.कको कमाण्डमा १६ जना प्रहरी कर्मचारीलाई खटाइएको जिल्ला प्रहरी प्रमुख प्रहरी उपरिक्षक होविन्द्र बोगटीले बताए । यो रोगको माहामारी सबै नागरिकको साथ र सहयोग आवश्यक छ प्रहरी प्रमुख बोगटीले भने,'प्रहरी हरेक विपद्मा साथमा रहेपनि रोगसगँ भने सबै सचेत हुनुपर्छ।' सामान्य स्वास्थ्य मापदण्ड भएपनि अपनाउनु होला भन्ने नागरिक सन्देश दिन खोजेको हो उनले भने।

# हेमजामा ६ क्युन्टल गाँजा नष्ट

**पोखरापत्र संवाददाता**
**कास्की, २० साउन**

सामुदायीक सेवा केन्द्र एवं सामुदायीक प्रहरी सेवा हेमजाको आयोजनामा पोखरा महानगर पालिका वडा न. २५ हेमजामा बुधबार ६ क्युन्टल गाँजा नष्ट गरिएको छ।

वडा न. २५ का वडा सदस्य दलबहादुर कुँवर लगाएत समितिका पदाधिकारी, अस्थायी प्रहरी बिट हेमजा र स्थानिय बासिको सहभागितामा हेमजाको झिझिर्कामा भएको गाँजा फडानि गरिएको हो।



लागु औषध निउनिकरणको लागि गाँजा फडानी गरिएको वडा सदस्य दलबहादुर कुँवरले बताए । स्वच्छ समाज निर्माणको लागी गाँजा फडानि गरिएको र यसलाइ निरन्तरता दिने उनको भनाइ छ।


समाजमा बिभिन्न घटना घटेको र आगामि दिनमा घटना घट्न नदिनको लागि लागु औषध निउनिकरण गर्न आवसेक भएको वडा सदस्य दलबहादुर कुँवरले जनाए।




रोगको समयमा उपचार गर्नुपर्दछ । उपचारका लागि धामी झाक्री कहाँ होइन स्वास्थ्यकर्मी एवं स्वास्थ्य संस्थामा जाऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

केवल कर्महीन नै त्यस्तो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसैंग गुनासोको बाहुल्यता रहन्छ। - गौतम बुद्ध

## सम्पादकीय

# कानुन मिचेर सुबिधा नदेउ

सत्ता टिकाउन कसरी राज्यकोषको दुरुपयोग गर्न सकिन्छ भन्ने प्रदेश सरकारले शुरु गरेका छन । साना दल र स्वतन्त्र सांसदलाई सुविधा दिएर सत्ता टिकाउने फोहोरी खेल फेरि शुरुरु भएको छ । जनताले स्थीर सरकार बनोस् भनेर दिएको जनादेश लत्याएर अस्थिरता ल्याउन रमाउने शक्ति हावी हुन थालेका छन । गण्डकी प्रदेश सरकारले राष्ट्रिय दलको मान्यता नपाएका साना दललाई सेवा सुविधा दिन ऐन परिवर्तन गर्ने निर्णय गरेको छ । संविधानमा उल्लेखित 'थ्रेसहोल्ड' कटाउन नसकेका कारण राष्ट्रिय दलको मान्यता पाउन नसकेकालाई पनि सेवा सुविधा दिन सजिलो हुने गरी सरकारले ऐन परिवर्तन गर्न तयार भएको छाविधिको शासन, सुशासनको नारा दिएर सत्तामा पुगेपछि काङ्ग्रेसले पुरानै ब्यवहार देखाएको छ ।

गण्डकी प्रदेश मन्त्रिपरिषदले प्रदेशसभाका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधाका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७४ लाई संशोधन गर्ने गरी प्रदेशसभामा पेस गर्न स्विकृती दिएको छ । यो ऐन संशोधन भएपछि प्रदेशसभामा प्रतिनिधित्व गर्ने साना दल राष्ट्रिय जनमोर्चा र जनता समाजवादी पार्टीले पनि सचेतक तथा दलको नेताको हैसियतमा सुविधा पाउनेछन् । निर्वाचनमा थ्रेसहोल्ड कटाउन नसेका कारण जनमोर्चाले राष्ट्रिय दलको मान्यता पाएको छैन। त्यस्तै गण्डकी प्रदेशमा जसपाले पनि दलको मान्यता पाएको छैन ।

ऐनले दलको मान्यता समेत नपाएका उनीहरुलाई सेवा सुविधान दिन अवरोध गरेपछि सरकारले ऐन नै परिवर्तन गरेको हो । अब उनीहरुले पनि प्रमुख सचेतक र सचेतकले पाउने गाडीलगायतका सुविधा पाउने छन् । संघीय संसदमा राष्ट्रिय मान्यता पाउन नसकेका कुनै पनि दलले यस्तो सुविधा पाउँदैनन् ।संघीय कानुनको विपरीत बनेको प्रदेशको कानुन खारेज हुने संविधानमा ब्यवस्था हुँदाहुँदै ऐन संशोधन गर्न खोज्नु बलमिच्याँई हो । कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्र बहादुर शाहीले काङ्ग्रेस नेता जीवन बहादुर शाहीलाई सरकारी गाडी उपहार दिएका थिए ।कानुनमा ब्यबस्था नभएको सुविधा दिनु अधिकारको दुरुपयोग हो ।

मुख्यमन्त्री शाहीले आफ्नो लागि असिमित सुविधा लिएर अरुलाई खुशी बनाउन राज्यकोषको दुरुपयोग गरेका छन । प्रदेश २ का भौतिक पुर्वाधार मन्त्री राम सरोज यादवले पुरानो मितिमा सल्लाहकार नियुक्ति गरेर गाईजात्रा देखाएका छन । सबै दलका नेता,सांसदलाई सेवा सुबिधा दिएर सत्ता टिकाउने कामले प्रणालीलाई बिकृत बनाएको छ । नेपाली उखान दिएर आफ्नो र खौरेर मसिनो कहिल्यै हुदैन भन्ने बिर्सेर कानुन मिचेर चल्नु पतनको बाटो हो ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सत्कार मिल्नेछ |
| वृष | : सम्मान मिल्नेछ | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : कार्यमा सफलता |
| कर्कट | : मन चञ्चल | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : मानसिक तनाब | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : आर्थिक समस्या | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# नेता खनालको सफल मिर्गौला प्रत्यारोपण

**रासस**
**काठमाडौं, २० साउन**

नेकपा (एमाले)का वरिष्ठ नेता झलनाथ खनालको सफलतापूर्वक प्रत्यारोषण गरिएको छ ।

भारतको नयाँ दिल्लीस्थित एपोलो अस्पतालमा बुधबार उहाँको मिर्गौलाको प्रत्यारोषण गरिएको उहाँका स्वकीय सचिव कृष्ण भट्टराईले जानकारी दिनुभयो ।

उहाँका अनुसार नेता खनालको अस्पतालका सर्जन डा सन्दीप गुलरियाको नेतृत्वको टोलीले प्रत्यारोपण गर्नु भएको हो । अस्पतालमा नेता खनालको नेफ्रोलोजिष्ट डा अखिल मिश्राको नेतृत्वको चिकित्सकको टोलीले उपचार गरिरहेको छ । ज्वरो नघटेको, पिसाब तथा रगतमा इन्फेक्सन र हेमोलोबिनको मात्रा कमी देखिएपछि थप उपचारका लागि पूर्वप्रधानमन्त्री खनाललाई गत असार २ गते नयाँदिल्ली लगिएको थियो ।

# डुयुखोलाको झोलुङ्गे पुल पहिराले पूर्ण क्षति

**पोखरापत्र संवाददाता**
**गोरखा, २० साउन**

उत्तरी गोरखाको छेकम्पार र चुम्चेत पुग्ने झोलुङ्गे पुलमा पहिराले पूर्ण क्षति पुऱ्याएको छ । चुमनुब्री गाउँपालिकाको वडा नं ६ चुम्चेतस्थित डुयुखोलामाथिको झोलुङ्गे पुल मङ्गलबार राति गएको पहिराले चुँडाएर क्षति पुऱ्याएको स्थानीयवासी सरोज लामाले जानकारी दिनुभयो ।

"झोलुङ्गे पुलमाथिबाट पहिरो खस्दा पुल पूरै चुँडिएको छ", उहाँले भन्नुभयो, "अहिले पुलबाट मानिस आवाजजावत पूर्णरूपमा ठप्प भएको छ ।" झोलुङ्गे पुल पहिराले चुँडाएपछि खच्चडबाट सामान ढुवानीमा समस्या भएको लामाले बताउनुभयो ।

उक्त पुल हुँदै चुमभ्यालीमा पर्ने छेकेम्पार र चुम्चेतका नागरिक आवतजावत गर्नुपर्ने हुन्छ । "मूलबाटोमा पर्ने डुयुखोलाको पुलको लङ्गा पहिराले चुँडाएको छ", उहाँले भन्नुभयो, "मानिस घुमाउरो बाटो प्रयोग गरेर हिँडडुल गर्नसक्ने अवस्था रहेपछि साँघुरो बाटो भएकाले खच्चड ओहोरदोहोर गर्न सक्ने अवस्था छैन ।" पुल चुँडिदा खाद्य सामग्री बोकेर गएका चार/पाँच समूह खच्चडबीच बाटोमा अलपत्र परेको लामाले बताउनुभयो । "विभिन्न ग्रुपमा खाद्य सामग्री बोकेर जाँदै गरेका करिब ४० भन्दाबढीखच्चडसमेतपुलपहिराले चुडाएपछि बीच बाटोमै रोकिएका छन्, सडक सञ्जाल नपुगेको यो क्षेत्रमा खच्चडबाहेक ढुवानीको अर्को विकल्प छैन ।"

पहिराले पुलमा क्षति पुऱ्याएपछि त्यस क्षेत्रका करिब १८ भन्दा बढी गाउँका मानिसलाई आवतजावतमा समस्या भएको बताइएको छ । उनीहरूले पुलको तत्काल मर्मतका लागि पहल गरिदिन समेत माग गरेका छन् । उक्त पुल कादुरी नेपाल नामक संस्थाको सहयोगमा सन् २०१२ मा निर्माण गरिएको थियो ।

# गलकोटेले पाएनन् इलाका प्रशासन

**पोखरापत्र संवाददाता**
**बागलुङ, २० साउन**

गलकोटमा इलाका प्रशासन, मालपोत र नापी कार्यालय स्थापनाको माग लिएर दुई वर्षअघि जनप्रतिनिधिसहितको सर्वदलीय टोली संघीय राजधानी काठमाडौँ पुग्यो ।

टोलीका सदस्यले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली, गृहमन्त्री रामबहादुर थापा र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री पद्मा अर्यालेलाई भेटेर मागपत्र बुझाए । गलकोट नगरपालिका र ताराखोला गाउँपालिकालाई कार्यक्षेत्र तोकेर कार्यालय खोल्न सक्दो पहल लिने प्रतिबद्धता प्रधानमन्त्री, मन्त्रीबाट पाए । प्रधानमन्त्रीलगायतको आश्वासन बोकेर सर्वदलीय प्रतिनिधिमण्डल जिल्ला फर्कियो । नागरिकता बनाउन घण्टौं लगाएर सदरमुकाम धाउनुपर्ने बाध्यताबाट आजित जनसाधारणमा पनि आशाको सञ्चार भयो । सबैले सरकारको निर्णय पर्खे । तर, अफसोच यतिका समय बित्यो । न त मागको सुनुवाइ नै भयो, न कुनै खोजीनीति । प्रशासनीक सेवा सहजरुपमा पाउनुपर्ने भन्दै बुझाइएको गलकोट र ताराखोलावासीको मागपत्र मन्त्रालयका कुनै तखतामा थन्किएको हुनुपर्छ । हुन त यसबीचमा गलकोटका अगुवा, जनप्रतिनिधि, दलका नेता कसैले पनि त्यसमा थप पहल लिएनन् । यही बेला कोभिड-१९ को मारमा मुलुक पऱ्यो । नगरप्रमुख भरत शर्मा गैरेले गलकोट सरकारको प्राथमिकतामा नपरेका कारण निर्णय हुन नसकेको बताउनुभयो ।'त्यतिबेला प्रधानमन्त्री, मन्त्रीहरुसँग भेट्दा सकारात्मक कुराकानी भएको हो, पछि यसलाई चासोको विषय बनाइएन', उहाँले भन्नुभयो, 'अहिले नयाँ सरकार बनेको छ, हाम्रो माग फेरि राख्छौं ।' नगरप्रमुख गैरेले आज प्रधानमन्त्री शेरबहादुर देउवा र मङ्गलबार गृहमन्त्री बालकृष्ण खाँणसँगको भेटमा पहिले बुझाइएको मागपत्रबारे स्मरण गराएको उल्लेख गर्नुभयो । 'नगरप्रमुखका हैसियतमा मैले प्रधानमन्त्री र गृहमन्त्रीसँग त्यो विषय उठाएको छु, दुवै जना सकारात्मक हुनुहुन्छ', उहाँले भन्नुभयो । इलाका प्रशासन कार्यालय खोल्ने निर्णय मन्त्रिपरिषद्ले गर्नुपर्छ । तत्कालीन गृहमन्त्री थापाले मागपत्र बुझेपछि अन्य ठाउँबाट पनि माग आएकाले अर्थलगायत सरोकार भएका मन्त्रालयसँग समन्वय गरेर निर्णय लिइने बताउनुभएको थियो । त्यसबेला उहाँले आफ्नो ठाउँबाट सक्दो पहल लिने बताएको ताराखोला गाउँपालिकाका अध्यक्ष प्रकाश घर्तीले बताउनुभयो ।

गलकोटबाटै नागरिकता र राहदानी सेवा दिनका लागि इलाका प्रशासन कार्यालयको माग गरिएको अध्यक्ष घर्तीको भनाइ छ । गलकोटमा कार्यालय खुल्दा छिमेकी ताराखोलावासीले पनि त्यहीँबाट सहजरुपमा सेवा लिन पाउँछन् । यस्तै जग्गासम्बन्धी कामका लागि सदरमुकाम आउनुपर्ने बाध्यताको अन्त्य गर्दै गलकोटमै मालपोत र नापी कार्यालय स्थापना गर्नुपर्ने माग स्थानीयवासीको छ ।

सर्वदलीय समितिका संयोजक फमलाल न्यूरेले मन्त्रालय तहबाट पाइएको आश्वासन पूरा नभएकामा दुःखेसो व्यक्त गर्नुभयो । उहाँले फेरि पनि आफूहरुको तर्फबाट इलाका प्रशासन कार्यालय स्थापनाका लागि प्रयत्न जारी राखिने बताउनुभयो । धेरै ठाउँबाट माग आएकाले पनि गृह मन्त्रालयले गलकोटको प्रस्ताव अघि बढाउन नसकेको हुनसक्ने संयोजक न्यूरेको बुझाइ छ ।

जिल्लाको भौगोलिक अवस्थितिका कारण गलकोटमा इलाका प्रशासन कार्यालय अपरिहार्य बनेको उहाँको भनाइ छ । स्थानीय सरकारका रुपमा स्थानीय तह बने पनि तिनमा नागरिकता, राहदानी, मालपोत र नापीसम्बन्धी सेवा उपलब्ध छैन । सदरमुकाम जिल्लाको छेउमा भएका कारण टाढाको भूगोलका बासिन्दालाई सरकारी कामकाजमा असुविधा छ । इलाका प्रशासन कार्यालय स्थापना भए सदरमुकामदेखि ६० किमिको दूरीमा रहेको गलकोट, ताराखोलासहित आसपासका जनसाधारण लाभान्वित हुने देखिन्छ । जनस्तरबाटै गलकोटमा इलाका प्रशासन, मालपोत र नापी कार्यालय स्थापना हुनुपर्ने माग उठ्दै आएको छ । त्योसँगै गाउँ तहमा दबाब समूह गठनदेखि सर्वपक्षीय, सर्वदलीय छलफल/अन्तर्क्रियासमेत हुने गरेका छन् ।

नागरिक समाज, जनप्रतिनिधि, राजनीतिक दल, सामाजिक अगुवालगायतले कार्यालय स्थापनाका लागि पहल लिए पनि त्यसले सार्थकता पाउन सकेको छैन । जिल्लाको पश्चिम बुर्तिवाङमा भने यसअघि नै एकीकृत सेवा केन्द्रमार्फत नागरिकता, राहदानीलगायतका सेवा उपलब्ध भइरहेका छन् ।

# दाजुभाइको लोभलाग्दो उद्यम

**पोखरापत्र संवाददाता**
**बागलुङ, २० साउन**

बागलुङ जिल्लाका काठेखोला गाउँपालिका-७ रेश पीपल डाँडाका गिरी थापा र मीन थापा दुई भाइ मात्र होइनन्, पेशाका हिसाबले दुवै जना शिक्षक पनि हुन् । यद्यपि गिरी थापा २०५३ सालमा शिक्षक पेसा छाडेर कतार जानुभयो । कतारमा १५ वर्ष बसेर नेपाल फर्कनुभएका गिरीले भाइ मीनसँगै मिलेर बहुआयामिक व्यवसाय गर्ने सोच बनाउनुभयो ।

मीन रेश नुन्थला माविमा अध्यापन गराउँदै व्यवसायलाई पनि अघि बढाउने दाइको उद्देश्यमा साथ दिन तयार हुनुभयो । विसं २०६८ मा दुई भाइ मिलेर फर्निचर उद्योग सञ्चालन गर्नुभयो । फर्निचर उद्योग स्थापना गरेको १० वर्ष भइसक्यो । अहिले थापा दाजुभाइकहाँ सामूहिक प्रयासमा बाख्रा, लोकल कुखुरा, बङ्गुर, बँदेलपालन तथा व्यावसायिक तरकारी खेती छ । कुटानी-पिसानी मिलसमेत छ । दाइले विदेशबाट फर्केपछि गाउँमै व्यवसाय गर्ने सोच बनाएको र त्यसमा आफूले साथ दिएको मीन बताउनुहुन्छ । "सुरुमा हामी दुवै शिक्षक थियौँ, दाइ छोडेर विदेश जानुभयो, मैले निरन्तर शिक्षण पेसा गर्दै आए, उहाँ गाउँ फर्केर आएपछि आफ्नै व्यवसाय गरौँ भन्नु भो र सुरु गरियो, दाइले दिनभर व्यवसायलाई समय दिनुहुन्छ, म बिहान-बेलुका समय दिन्छु", उहाँले भन्नुभयो, "बँदेलका र बङ्गुरका पाठापाठी बिक्रीलाई बढी जोड दिएका छौँ, बाख्रा र कुखुरामा भर्खर लागानी गरेका हौँ ।" अहिले तीनवटा माउ बँदेल र ४० वटा बङ्गुर छन् । अहिले ३० वटा बङ्गुरबाट पाठापाठी बिक्रीका लागि तयारी अवस्थामा छ । बङ्गुरका पाठापाठी मात्रै बेचेर वार्षिक रु तीनदेखि चार लाख कमाउने गरेको गिरीले बताउनुभयो । "फर्निचर उद्योगबाट निस्केका काठ सदुपयोग गर्न बङ्गुरको खोर निर्माण गरेका थियौँ तर अहिले बँदेल र बङ्गुर व्यावसायिकरूपमा पालेका छौँ", उहाँले भन्नुभयो, "विदेशमा भन्दा स्वदेशमा राम्रो कमाइ हुँदो रहेछ, अहिले थोरै भए पनि वार्षिक १०/१२ लाखको कारोबार हुँदै आएको छ ।" दुई भाइले पीपलडाँडा ताजा तरकारी तथा पशुपालन फार्म दर्ता गरेर कुखुरा, बाख्रा र तरकारीसमेत उत्पादन गर्दै आउनुभएको छक । अहिले दर्जनभन्दा बढी बाख्रा मासुका लागि बागलुङ बजारमा बिक्री भएको छ । फार्ममा आठ बाख्रा, सय लोकल कुखुरा छन् भने दुई रोपनी बारीमा लटरम्म सिमी फलेको छ । मौसमी तरकारी मात्रै उत्पादन गर्दै आएका दाजुभाइले बेमौसमी तरकारी उत्पादनलाई समेत जोड दिने योजना बनाएको थापाद्वय बताउनुहुन्छ । उत्पादन गर्न सके खसी, बोका, बँदेल, बङ्गुर, कुखुरा र फर्निचरका सामग्रीको बजारीकरणको कुनै समस्या नभएको उहाँहरूको भनाइ छ । कुटानी-पिसानी, बाख्रापालन तथा कुखुरापालनमा परिवारका अन्य सदस्यहरूले समेत सहयोग गर्दै आएको दाजुभाइको भनाइ छ । त्यसबाहेक फर्निचरमा दुईजना युवाले रोजगार पाएका छन् । बङ्गुरको मासुका लागि रु ४०० प्रतिकेजी र पाठापाठीलाई रु पाँच हजारमा बिक्री गर्दै आएका उहाँहरूले २०७२ सालमा पोखराबाट बँदेल प्रजातिको बङ्गुर लिएर पाल्दै आउनुभएको छ । बङ्गुरको भन्दा बँदेलको मासु निकै स्वादिष्ट भएकाले राम्रै मूल्यमा बिक्री गर्ने गरेको गिरीको भनाइ छ । बँदेलको मासु प्रतिकेजी रु ६०० मा बिक्री गर्दै आएको र पाठापाठीलाई रु छ हजारमा बिक्री गर्दै आउनुभएको छ । दुई भाइ मिलेर गाउँमै जागिर खाँदै व्यावसायिक फर्निचर उद्योग, पशुपालन तथा तरकारी उत्पादनमा लाग्नु अन्यलाई समेत उदाहरणीय कार्य भएको काठेखोला-७ रेशका वडाध्यक्ष प्रेम लामिछानेले बताउनुभयो ।

# कारागार भवन भत्किएपछि सुरक्षा चुनौती बढ्यो

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २० साउन**

जोमसोमस्थित जिल्ला कारागार मुस्ताङको भवनको पर्खाल बुधबार भत्किएको छ ।

अत्यधिक बर्षातका कारण जीर्ण अवस्थामा रहेका कारागार भवनको पर्खाल भत्किएपछि कैदीबन्दी र सुरक्षाकर्मीको व्यवस्थापन तथा दैनिक प्रशासनिक कार्य सञ्चालन गर्न समस्या भएको कारागारका निमित्त प्रमुख भुवन केसीले जानकारी दिनुभयो । कारागार भवनको तीनवटा कोठाको पर्खाल भत्किएपछि सुरक्षा चुनौती बढेको उहाँको भनाइ छ ।

'सुरक्षाकर्मीलाई वैकल्पिक दुईकोठे जस्ताले छाएको भवनमा व्यवस्थापन गरिएको छ', उहाँले भन्नुभयो, 'कैदीबन्दीलाई कहाँ लगेर राख्ने भन्ने विषयमा छलफल भइरहेको छ ।' जीर्ण अवस्थाको भवनका अन्य कोठामा पनि क्षति पुगेको छ । ढुङ्गा र माटोले बनेको एकतले नौ कोठे भवनको सख्खर माटोले छाएको छानो अत्यधिक बर्सातले चुहिएर पर्खाल चर्किएको थियो । दुई कोठामा कैदीबन्दी, छवटा कोठामा सुरक्षाकर्मी र एक कोठामा कारागार प्रमुखको निवास थियो । भवनमा प्रयोग भएका काठ मक्किएको, चुहिने र जीर्ण भएकाले अप्रिय घटनाको जोखिम छ । दश जना अटाउने क्षमता रहेको सो कारागारमा हाल ११ जना कैदीबन्दी छन् । यसअघि बढीमा २६ जनासम्म कैदी-बन्दी राखिएको थियो । २० जना सुरक्षाकर्मीको दरबन्दीमध्ये १० र सात जना प्रशासनिक कर्मचारीको दरबन्दी भएकोमा चार जना कार्यरत छन् ।

करिब चार रोपनी क्षेत्रफलमा फैलिएको तत्कालीन सहायक अञ्चलाधीशको निवास रहेको भवनमा विसं २०३७ मा कारागार राखिएको थियो । प्रजिअ श्रीनाथ पौडेलसहित सुरक्षा अधिकारी र जनप्रतिनिधिको टोलीले भत्किएको कारागार भवनको आज दिउँसो निरीक्षण गरेर कैदीबन्दीको व्यवस्थापनका लागि पहल थालेको छ ।

पछिल्लो समय मुस्ताङमा तापक्रम बढ्ने, अत्यधिक मात्रामा वर्षा र बेमौसममा हिमपात हुन थालेपछि माटोले बनेका परम्परागत पुराना घर चुहिने, भत्किने र जीर्ण बनेका छन् । कारागारको भौतिक संरचनाको जिर्ण र जोखिम अवस्थाका बारेमा पटक/पटक ध्यानाकर्षण गराए पनि नयाँ भवन निर्माणका लागि चासो देखाएका छैनन् ।

# तनहुँमा साउन ३२ गतेसम्म लम्बियो निषेधाज्ञा

**पोखरापत्र संवाददाता**
**तनहुँ, २० साउन**

तनहुँमा साउन मसान्तसम्म निषेधाज्ञा थपिएको छ । कोरोना भाइरसको जोखिम कायमै रहेकाले निषेधाज्ञाको अवधि साउन ३२ गतेसम्म थपिएको हो ।

छिमेकी जिल्लामा नयाँ डेल्टा भेरियन्ट देखा परेकाले समुदायमा व्यापक फैलिनसक्ने अवस्थालाई मध्यनजर गर्दै निषेधाज्ञाको अवधि लम्ब्याइएको हो । जिल्ला कोभिड व्यवस्थापन समितिको मङ्गलबार बसेको बैठकले कोभिड-१९ को जोखिम अझै कायम रहेकोले निषेधाज्ञाको अवधि बढाइएको प्रमुख जिल्ला अधिकारी सागर आचार्यले जानकारी दिनुभयो ।

यदि कोही कसैले उक्त आदेशको उल्लङ्घन भएमा कोभिड-१९ सङ्कट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश २०७८ तथा स्थानीय प्रशासन ऐन २०२८ बमोजिम कारवाही हुनेछ । कोभिड-१९ सङ्कट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश २०७८ को दफा ४ र स्थानीय प्रशासन ऐन २०२८ को दफा ६ को उपदफा ३ ले दिएको अधिकार प्रयोग गरी यसअघि जारी गरिएको निषेधाज्ञालाई जिल्लाभर निरन्तरता दिइएको हो ।

के के सञ्चालन गर्न पाइन्छ ?

स्वास्थ्य र सुरक्षा मापदण्ड पूरा गरेर एम्बुलेन्स, ग्यास पेट्रोलियम पदार्थ, खानेपानी, औषधि तथा उपचार सामग्री, स्वास्थ्य संस्था, अस्पताल, भेटेरिनरी औषधि पसल, दूरसञ्चार, इन्टरनेट, फोहरमैला व्यवस्थापन, मल, बीउ र कृषि सामग्री दुग्ध व्यवसाय, बैंकको एटिएम सेवा, कुरियर, डाँक सेवा र सार्वजनिक निर्माणसम्बन्धी कार्य र सेवा तथा ढुवानी सेवा निर्वाधरुपमा सञ्चालन हुनेछन् ।

त्यसैगरी बन्द गरिएका सेवा तथा व्यवसायबाहेक अन्य सबै सेवा र व्यवसाय बिहान ५ बजेदेखि दिउँसो ४ बजेसम्म खोल्न दिने निर्णय भएको छ । साथै स्वास्थ्य र सुरक्षाको पर्याप्त प्रबन्ध गरेर होटलमा ५० प्रतिशत श्यया क्षमतासम्म पाहुना राख्न पाउने छन् । के के सञ्चालन गर्न पाइँदैन ?

सिनेमा हल, पार्टी प्यालेस, डान्स बार, दोहोरी नाचघर, क्लब हेल्थ क्लब, सैलुन सेवा ब्युटपार्लर, कस्मेटिक बिक्रीबाहेक जिमखाना, स्वीमिङ पुल, फुटसल, सभा, आमसभा, जुलुस, हाटबजार, साइकल र मोटरसाइकलमा गरिने व्यापार, रङ्गशालामा हुने दर्शकसहितको खेलकूद, तालिम, सेमिना, भर्चुअलबाहेक भौतिक उपस्थितिमा गरिने शिक्षण प्रशिक्षण र मानिसको भिडभाड हुने सबै प्रकारका कार्यक्रम पूर्णरुपमा बन्द गरिएको छ ।

भारत र अन्य मुलुकबाट तनहुँ जिल्लामा आउने व्यक्तिले अनिवार्य १० दिन क्वारेन्टिनमा बस्ने, मठ, मन्दिर मस्जिद, चर्चलगायतका धार्मिकस्थलमा जमघट नगरी जनस्वास्थ्यका निर्धारित मापदण्ड पालना गर्ने गरी नित्य पूजा मात्र गर्न गराउन पाउने छन् ।

सामाजिक र सांस्कृतिक कार्य विवाह, ब्रतबन्धलगायतका कार्यमा १५ जनाभन्दा बढी सहभागी नहुने र सहभागीले निर्धारित मापदण्ड पूर्णरुपमा पालन गर्ने गरी पूर्वस्वीकृति लिएर मात्र सञ्चालन गर्ने गराउने व्यवस्थालाई प्रभावकारी बनाउने, निजी सवार ासाधन सञ्चालन गर्ने गराउने निर्णय भएको बताइएको छ ।

# मुस्ताङी ऊनको बजार सुनिश्चित

पोखरापत्र संवाददाता
म्याग्दी, २० साउन

च्याङ्ग्राको शरीरबाट झरेर खेर गइरहेको भुवा (ऊन)ले बजार पाउने सुनिश्चित भएपछि मुस्ताङका कृषकमा खुसियाली छाएको छ। नेपाली पस्मिना उद्योगीहरूले मुस्ताङको दामोदरकुण्ड लोघेकर गाउँपालिकाको चराङमा च्याङ्ग्राको भुवा सङ्कलन केन्द्र स्थापना गरेपछि ऊनले बजार पाउने सुनिश्चित भएको हो। खेर गइरहेको च्याङ्ग्राको ऊनको सदुपयोग हुने, कृषकले आम्दानी लिने र पस्मिनाको कच्चापदार्थ आयात प्रतिस्थापन गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

नेपाल पस्मिना उद्योग सङ्घले स्वदेशी कच्चापदार्थ (ऊन प्रशोधन) गरेर पस्मिना बनाउने धागो उत्पादन गर्न चराङमा भुवा (ऊन) सङ्कलन केन्द्र स्थापना गरेको जनाएको छ। सङ्घका अध्यक्ष धनप्रसाद लामिछानेले मङ्गोलिया र चीनबाट ल्याउने कच्चापदार्थको विकल्पमा नेपालकै भुवा प्रशोधन गरेर धागो उत्पादन गर्न लागिएको जानकारी दिनुभयो। “स्वदेशी ऊन प्रशोधन गर्न काठमाडौँमा नेपाल फाइबर प्रोसेसिङ उद्योग खोलेका छौँ”, उहाँले भन्नुभयो, “पहिलो पटक मुस्ताङमा सङ्कलन केन्द्र खोलेर रु ९० लाख मूल्य बराबरको दुई हजार किलोग्राम ऊन खरिद गरिसकेका छौँ।” लामिछानेको नेतृत्वमा सङ्घका उत्सव खनाल, बिजु शाक्य, भीम शेरचन र इन्जिनीयर विवेकानन्द मिश्रको टोली दामोदरकुण्ड लोघेकर तथा लोमान्थाङ गाउँपालिकाका जनप्रतिनिधि र च्याङ्ग्रापालक कृषकहरूसँग अन्तरक्रियाका साथै भुवाको सम्भाव्यता अध्ययन गरेर मङ्गलबार काठमाडौँ फर्किएको हो। मनाङमा भुवाको सम्भाव्यता अध्ययनका लागि प्रतिनिधि पठाएको सङ्घले लगत्तै डोल्पा, मुगु, हुम्लालगायत जिल्लामा जाने जनाएको छ। नेपालबाट विदेश निर्यात हुने प्रमुख वस्तु पस्मिना बनाउन च्याङ्ग्राको ऊन प्रशोधन गरेर बनाएको धागो कच्चापदार्थका रूपमा प्रयोग हुन्छ। नेपालबाट वार्षिक रु तीन अर्बको पस्मिना निर्यात हुन्छ भने वार्षिक १९५ टन पस्मिना बनाउन आवश्यक पर्ने भुवाको धागो आयात हुन्छ। पस्मिना उद्योगीसमेत रहनुभएका इन्जिनीयर मिश्रले मुस्ताङको भुवा प्रशोधन गर्न सकेमा ३० प्रतिशत भुवाको धागो आयात घटाउन सकिने बताउनुभयो। “परम्परागत र अव्यस्थितरूपमा सङ्कलन गरिएको मुस्ताङको भुवा प्रशोधन गर्दा ३० प्रतिशत प्रयोगयोग्य हुने देखिएको छ”, उहाँले भन्नुभयो, “च्याङ्ग्रापालन र भुवा सङ्कलनलाई आधुनिक र व्यवस्थित बनाउने हो भने गुणस्तर बढाउन सकिन्छ।” बजारको सुनिश्चितता नभएकाले मुस्ताङका कृषकले ऊन निकाल्ने गरेका छैनन्। शरीरबाटै झरेर खेर जाने गरेको थियो। तीस प्रतिशत ऊन सङ्कलन गरे पनि बजार नपाउने समस्या थियो। तिब्बती सीमा कोरला नाकामा अन्तरदेशीय व्यापार मेला हुँदा चिनियाँ व्यापारीले सामानसँग ऊन सटही गरेर लैजान्थे। कोरोनाका कारणले पछिल्लो दुई वर्षयता व्यापार मेला नहुँदा करोडौँ मूल्यको ऊन बिक्री हुन सकेको थिएन। लोमान्थाङका ट्यासी बिष्टले खेर गइरहेको ऊनले उचित मूल्य र बजार पाएकामा खुसी व्यक्त गर्नुभयो। लोमान्थाङका कृषकहरूको ऊन बजारीकरण गर्न त्यहाँ अर्को सङ्कलन केन्द्र बनाउने तयारी भएको छ। कृषकले केन्द्रमा ल्याउने ऊन सङ्कलन गरेर सङ्घले खरिद गरी काठमाडौँ लैजाने सम्झौता भएको छ। प्रतिकिलो अप्रशोधित ऊन सरदर रु चार हजार ५०० मा खरिद गर्ने सङ्घले जनाएको छ। वैशाख-जेठ महिना च्याङ्ग्राको शरीरबाट ऊन निकाल्ने याम हो। मासुका लागि प्रसिद्ध हिमाली च्याङ्ग्राको छाला र मल पनि बिक्री हुन्छ। पस्मिना उद्योगी खनालले च्याङ्ग्राको सङ्ख्या बढाउन, हिउँदमा आहाराको व्यवस्थापनका लागि घाँस खेती, भण्डारण र महामारीबाट बचाउन खोपको व्यवस्थापन गर्नुपर्ने बताउनुभयो।

च्याङ्ग्राको ऊन पस्मिनाका लागि (क) श्रेणीको कच्चापदार्थ हो। भेडा र चौँरीको तुलनामा च्याङ्ग्राको ऊनलाई गुणस्तरीय मानिएको छ। मुस्ताङको मुक्तिनाथ, कागबेनी, छुसाङ, जोमसोम, चैले, घमी, चराङ, लोमान्थाङलगायत ठाउँका कृषकहरूले व्यावसायिक च्याङ्ग्रापालन गरेका छन्।

यसैबीच उपल्लो मुस्ताङका कृषकहरूले विश्व बैंकको सहयोगमा नेपाललाई मासु र दूधमा आत्मनिर्भर बनाउन सञ्चालित नेपाल लाइभस्टक सेक्टर इनोभेशन आयोजना (एनएलएसआइपी)को अव्यावहारिक कार्यविधिका कारण सो परियोजनाको सुविधाबाट वञ्चित भएको गुनासो गरेका छन्। हिमाली क्षेत्रका च्याङ्ग्रापालक कृषकहरूलाई समेट्ने गरी कार्यविधि संशोधन गर्नुपर्ने चराङका कृषक पासाङ बिष्टले बताउनुभयो।

# ताराखोला बन्दैछ ‘स्टोन भिलेज’

पोखरापत्र संवाददाता
बागलुङ, २० साउन

बागलुङको ताराखोला गाउँपालिकालाई ढुङ्गाको गाउँ (स्टोन भिलेज) बनाउने प्रक्रिया शुरु गरिएको छ। गाउँपालिकाले ‘स्टोन भिलेज’को प्रारम्भिक काम थालेको हो। चालू आर्थिक वर्षको नीति तथा कार्यक्रम सार्वजनिक गर्ने बेलामा गाउँपालिकाले स्टोन भिलेजको कार्यक्रम समावेश गरेको थियो। सोहीअनुसार प्रारम्भिक काम थालिसकेको गाउँपालिकाले जनाएको छ।

ढुङ्गा खानीलाई व्यवस्थित बनाउनेदेखि घरका छाना पनि आर्कषक बनाएर छाउनेसम्मका क्रियाकलाप समावेश ‘स्टोन भिलेज’ कार्यक्रममा समावेश हुनेछन्। गाउँपालिकाभरि भएका काम तथा क्रियाकलापमा स्थानीय ढुङ्गाको उपयोग गर्ने नीति लिएर यो कार्यक्रम थालिएको गाउँपालिका अध्यक्ष प्रकाश घर्तीले बताउनुभयो। घरको छाना छाउनेदेखि सरकारी भवन, पार्क, पदमार्ग समेतमा स्थानीयवासीले उत्पादन गरेका ढुङ्गाको प्रयोग गर्ने नीति ल्याइएको उहाँले जानकारी दिनुभयो।

यहाँका ढुङ्गा आर्कषक छन्। स्थानीय ढुङ्गाको प्रयोग, आयतको विस्थापन र रोजगारी सिर्जनामा कार्यक्रमले सहयोग गर्ने गाउँपालिकाको अपेक्षा छ। तारा खोलाका राजनीतिक संयन्त्रले जनप्रतिनिधि आउनुअघि पनि जस्तापाता नभित्र्याउने नीति लिएका थिए। अधिकांशले स्थानीय ढुङ्गाकै छाना छाएका छन्। केही खरका छाना थिए। ती पनि विस्थापित गर्ने, रासायनिक मल नल्याउने, स्थानीय प्रविधिलाई उपयोग गर्ने र वर्षौंदेखि चलिआएका संस्कृतिलाई प्रवर्द्धन गर्ने लक्ष्यलाई अहिले पनि सञ्चालनमा ल्याइएको हो। यहाँ दर्जनौं ढुङ्गाखानी चलाउन सकिने स्थान छन्। तीमध्ये उद्यमीले खानी तथा भूगर्भ विभागमा गएर दर्ता गर्नुपर्थ्यो। अब भने व्यक्तिगत लगानी र आफ्नै खेतबारीमा साना उद्योग चलाउन पालिका तहमै व्यवसाय दर्ता गरेर कर तिर्ने व्यवस्था गरिएको हो। “सानो स्केलमा काम गर्नेलाई व्यवसाय दर्ता गराएर काम गर्न दिने भनेका छौं”, घर्तीले भन्नुभयो, “केही साथीहरूले काम थालिसक्नुभएको छ।” बागलुङ, पोखरालगायतका शहरमा घर बनाउँदा आर्कषक टायलका रूपमा प्रयोग भएका अधिकांश ताराखोलाका ढुङ्गा हुन्। लुकिछिपी काम भइरहनुभन्दा कर तिरेर वातावरण पनि नबिग्रने गरी उत्खनन गर्न दिँदा राम्रो हुने जनप्रतिनिधिले सुझाव दिएका थिए। सार्वजनिक र सामुदायिक क्षेत्रमा खानी सञ्चालन गर्न खोज्नेलाई भने पालिकाले समन्वय गरेर छिटो वातावरणीय प्रभाव मुल्याङ्कन गराउन पहल गर्ने भएको हो। तोकेको मापदण्डमा ढुङ्गा निकाल्ने अवसर दिन पहल गरेको समेत अध्यक्ष घर्तीले जानकारी दिनुभयो। तामा र सुनखानी चलाउन लागेझैं जनताले दुःख पाउने गरी लामो प्रक्रिया गर्न नहुने उहाँको भनाइ छ।

# ‘योगमाया आयुर्वेद विश्वविद्यालय विधेयक’ पारित

रासस
काठमाडौं, २० साउन

राष्ट्रियसभाको बुधबारको बैठकले ‘योगमाया आयुर्वेद विश्वविद्यालय विधेयक २०७८’ पारित गरेको छ।

बैठकमा प्रधानमन्त्री शेर बहादुर देउवाकोतर्फबाट कानून न्याय तथा संसदीय मामिलामन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले ‘योगमाया आयुर्वेद विश्वविद्यालय विधेयक २०७८ लाई पारित गरियोस्’ भनी प्रस्ताव प्रस्तुत गर्नुभएको थियो। उक्त विधेयकलाई राष्ट्रियसभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले निर्णयार्थ प्रस्तुत गर्दा बैठकको बहुमतले पारित गरेको हो।

उक्त विधेयक पारित गर्नुपूर्व बैठकमा ‘विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित विधेयक उपर छलफल भएको थियो। विधेयकमाथिको छलफलका क्रममा सांसदहरुले उठाएका प्रश्नको जवाफ दिँदै कानूनमन्त्री कार्कीले सङ्घीयताको मर्मअनुरुप उक्त विधेयक सरकारले ल्याएको र यसलाई समयानुकूल व्यवस्थित बनाउँदै लैजानेमा प्रतिबद्धता जनाउनुभयो।

मुलुकमा प्राचीनकालदेखि नै वैकल्पिक चिकित्साको प्रयोग हुँदै आएको जानकारी दिँदै मन्त्री कार्कीले यसको व्यावहारिकरूपमा उपयोग गर्नु सबैको दायित्व हुनेमा जोड दिनुभयो। उहाँले यस विश्वविद्यालयमा अध्ययन अध्ययापनसँगै स्वास्थ्य सेवासमेत उपलब्ध हुने र सबै प्रदेशमा आङ्गिक क्याम्पससमेत सञ्चालन हुने जानकारी दिनुभयो।

विधेयक पारित हुनुअघि विधेयकमाथिको छलफलमा भाग लिँदै सांसद रामनारायण विडारी आयूर्वेदसम्बन्धी ऐन अत्यावश्यक रहेको बताउनुभयो। उहाँले स्वास्थ्य क्षेत्र अस्तव्यस्त रहेको अबस्थामा आर्युवेद अध्ययनलाई प्राथमिता दिने गरी विधेयक आएकोमा सकारात्मक रहेको बताउनुभयो।

उहाँले विधेयकमा आयुर्वेद कारखाना बनाउने, जडीबुटी रोप्ने, विदेशमा औषधि निर्यात गर्ने कुरासमेत उल्लेख रहेकोसमेत बताउनुभयो। उहाँले कुलपति प्रधानमन्त्री बनाउने विभिन्न विश्वविद्यालयको अभ्यासबाट विधेयकले फड्को मार्न खोजेको उल्लेख गर्नुभयो।

सांसद कोमल ओलीले नेपाल प्रकृति र संस्कृतिमा धनी रहेकाले विश्वविद्यालय धेरै पहिले नै खुल्नुपर्ने थियो भन्नुभयो। उहाँले प्रधानमन्त्री कुलपति हुने व्यवस्था हटाएर आएको विधेयकले परिषद्को नयाँ व्यवस्था गरी अध्यक्ष व्यवस्थाको व्यवस्था गर्नु महत्वपूर्ण भएको बताउनुभयो।

अर्का सांसद ठगेन्द्रप्रसाद पुरीले विश्वविद्यालयको परिषद् सदस्य लोकतान्त्रिक विधिबाट प्रतिस्पर्धात्मकरुपमा निर्वाचित हुने कुरा निकै सराहनीय रहेको बताउनुभयो। सांसद उदया शर्मा पौडेलले महिलालाई उच्च प्रेरणा दिने व्यक्तिका नामबाट विश्वविद्यालय खोल्नु सकारात्मक कुरा रहेको बताउनुभयो।

सांसद डा विमला राई पौडेलले यो विधेक धेरै अगाडि आउनुपर्नेमा ढिलै भए पनि आउनु सकारात्मक भएको बताउनुभयो। सांसद खिमलाल देवकोटाले अब नयाँ विश्वविद्यालय खोल्नुभन्दा भएका विश्वविद्यालयलाई व्यवस्थित गर्नुपर्नेमा जोड दिनुभयो। बैठक यही २२ गते दिउँसो १ बजे बस्ने छ।


अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उप्पजित्वा निरूज्झन्ति तेसं वूपसमोसुखो 'ति ॥

हार्दिक श्रद्धाञ्जली

जन्म मितिः
वि.सं. २०१६/०६/०८



स्वर्गारोहण मितिः
वि.सं. २०७८/०४/०९

स्व. रामचन्द्र के.सी.

हाम्रा प्रातः स्मरणीय प्रिय छोरा, पुजनीय श्रीमान्/बुबा/दाजु/हजुरबुबा
रामचन्द्र केसी ब्रह्मलीन हुनु भएको आज १३ औं दिनको
पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं।
साथै यस दुखद् घडीमा हामीप्रति समवेदना प्रकट गर्नुहुने सम्पूर्ण दाजुभाइ, दिदीबहिनी, ईष्टमित्र,
संघ संस्था तथा शुभेच्छुक महानुभावहरुप्रति हार्दिक आभार व्यक्त गर्दछौं।

धर्मपत्नी : मधु के.सी.
आमाहरू: पम्फा केसी, पद्यमा केसी, रमा केसी

छोरा/बुहारीहरु :
सुमित / समिरा केसी
अमित केसी

भतिजा/बुहारीहरु :
प्रकाश/मनिषा केसी
किरण/बन्दना केसी
रोशन/प्रज्ञा केसी
सक्षम केसी
आरोण केसी
सम्पन्न केसी

छोरी :
शैलेसा केसी

भाइ/बुहारीहरु
भरत/सीता केसी
शत्रुघ्न/पिर्गला केसी
विभीषण/वर्षा केसी
दिपेन्द्र/लक्ष्मी केसी
सञ्जय/सुनीता केसी

नाति/नातिनीहरु :
प्रशान्त, सुवान,
आदित्य, रुशन,
सुर्याश, काव्याश्री
यश्वी

दिदी, बहिनी,
गीता बानिया
हिरा थापा
सावित्री बस्नेत
मना अधिकारी
विन्ध्येश्वरी केसी
दिलमाया थापा
ईश्वरी ठकुराठी

भिनाजु, ज्वाईहरु
बद्री बानिया
के.बी. थापा
जेबी बस्नेत
दुर्गा अधिकारी
प्रकाश केसी
गोविन्द थापा
सरोज ठकुराठी

भतिजी
सेल्सा केसी
सुप्रिया केसी
चारु केसी
दिक्षिका केसी
माइरा केसी

भान्जा
सूर्य बानिया
तेजबहादुर बानिया
उत्तम बानिया थापा
दीपेन्द्र बानिया
अरुण विक्रम थापा
महेश थापा
दीपेन्द्र थापा
शंकर थापा
शैलेस रायमाझी थापा
डिकेन्दर थापा
अर्जुन रायमाझी
करिब प्रधान
सुदीप बस्नेत
धनबहादुर अधिकारी
महेश भण्डारी
विराट थापा
विकाश अधिकारी
विवेक अधिकारी
विपिन केसी
विनय केसी
विजय थापा
सञ्जय थापा
सुदिप अधिकारी
अपेक्षा ठकुराठी

भान्जी
विन्दु बानिया
राधा बानिया
पार्वती (बानिया) थापा
सुशीला बानिया
विद्यालक्ष्मी थापा
रञ्जीता थापा
जया थापा
भवानी रायमाझी थापा
बबिता रायमाझी थापा
शोभा रायमाझी थापा

सविता बस्नेत प्रधान

ज्योति अधिकारी
रस्मि अधिकारी
रेखा अधिकारी थापा
अस्मिता अधिकारी
ज्योति अधिकारी

पूजा थापा

सविना थापा अधिकारी

तथा
सम्पूर्ण केसी परिवार